मिति२०७९/०२/२५

निर्णयः

१.राष्ट्रिय सरोकार तथा समन्वय समितिको आजको बैठकमा राष्ट्रिय गौरवका आयोजना अध्ययन तथा अनुगमन उपसमिति 'ख' को अध्ययन प्रतिवेदन पेश भयो ।

२. समितिको आगामी बैठकमा रांष्ट्रिय गौरवका आयोजना अध्ययन तथा अनुगमन उपसमिति 'क' 'ख' र 'ग' लें समितिमा पेश गरेका तीन वटै अध्ययन प्रतिवेदनहरुको आधारमा राष्ट्रिय गौरवका आयोजनाहरुको अध्ययन प्रतिवेदन (Compiled report) को मस्यौदा पेश गर्न समिति सचिवालयलाई निर्देशन दिने निर्णय भयो ।

३.यस समितिले NDI र IRI सगँको सहकार्यमा बागमती प्रदेशको धुलिखेलमा राष्ट्रिय सभामा चार बर्ष र प्रादेशिक प्रतिनिधित्वको सवाल बिषयक अन्तर सम्वाद कार्यक्रम सम्पन्न गरेको थियो।बाँकि ६ वटा प्रदेशहरुमा "राष्ट्रिय सभामा प्रदेश तथा स्थानीय तहको सार्थक प्रतिनिधित्वको सवाल" बिषयक अन्तर- संवाद कार्यक्रम राष्ट्रिय सभामा सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने आठजना माननीय सदस्यहरु, सम्बन्धित प्रदेशका प्रदेश सभाका माननीय सदस्यहरु (प्रतिनिधिमुलक रुपमा २० जना) सम्बन्धीत प्रदेशभित्रका स्थानीय तहका प्रमुख र उपप्रमुखहरु (प्रतिनिधिमुलक रुपमा १० जना) को सहभागितामा क्रमश सम्पन्न गर्ने निर्णय भयो ।उक्त कार्यक्रमहरुमध्ये सुदुरपश्चिम प्रदेशको कार्यक्रम २०७९/०३/०४ गते धनगढीमा गर्ने र बाँकी कार्यक्रमहरु राग्ट्रिय सभा र प्रदेश सभाको बैठकलाई मध्यनजर गरि उपयूक्त समयमा सम्पन्न गर्ने निर्णय भयो ।